*स्वीकृत मिति: २०८० मंसिर १३ गते*

.. ... ... ... ... ... बीमा कम्पनी लिमिटेड

# खेलकुद बीमालेख

यस खेलकुद बीमालेखमा उल्लेख भएको व्यवस्था बमोजिम बीमा गर्नको लागि बीमित वा बीमितको तर्फबाट बीमालेख धारकले पूरा बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमक तथा बीमित बीचको द्विपक्षीय बीमा करारको रूपमा ... ... ... ... ... ... ... (बीमा कम्पनी लिमिटेडले) यो बीमालेख जारी गरेको छ।

परिच्छेद -१

## प्रारम्भिक

१. **बीमालेखको नाम र प्रारम्भः** (१) यस बीमालेखको नाम "खेलकुद बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमित वा बीमालेख धारकले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

(क) **"खेलकुद"** भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न रही नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापमा तथा अभ्यास खेलमा सक्रिय रहने कार्यलाई सम्झनु पर्छ र सो शब्दले नेपालमा हुने स्थानीयदेखि राष्ट्रिय प्रतियोगिता, अन्तरमहादेशीय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता, प्रचलित व्यवसायीक, पर्यटकीय, साहसिक तथा परम्परागत खेलहरुलाई समेत जनाउँछ।

(ख) **"खेलकर्मी"** भन्नाले खेलाडी, प्राविधिक, प्रशिक्षक, ब्यवस्थापक, स्वयमसेवक, अफिसियल लगायत खेलकुदसँग सम्बन्धित कार्यमा संलग्न व्यक्तिलाई सम्झनु पर्छ। साथै सो शब्दले नेपाल सरकारबाट स्वीकृत प्राप्त विदेशी खेलाडी, प्राविधिक, प्रशिक्षक समेतलाई जनाउँछ।

(ग) **"अपवाद"** भन्नाले बीमालेखले रक्षावरण नगर्ने जोखिमलाई सम्झनु पर्छ।

(घ) **"जोखिम"** भन्नाले कुनै घटना घट्ने वा नघट्ने अनिश्चित अवस्था सम्झनु पर्छ।

(ङ) **"दाबी"** भन्नाले क्षति बापत बीमित वा बीमालेख धारकद्वारा बीमकसँग माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(च) **"दुर्घटना"** भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने र सांघातिक माध्यमबाट हुने आकस्मिक र अप्रत्यासित घटना सम्झनु पर्छ र सो शब्दले खेलकुदको क्षेत्रमा खेल अभ्यास तथा प्रतियोगिताको क्रममा भएका घटना समेतलाई जनाउँछ।

(छ) **"बस्तुगत तथ्य"** भन्नाले बीमितको जोखिम बढाउन वा घटाउन सक्ने महत्वपूर्ण तथ्य सम्झनु पर्छ।

(ज) **"बीमक"** भन्नाले बीमा ऐन, २०७९ बमोजिम इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ।

(झ) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(ञ) **"बीमालेख"** भन्नाले बीमकले कुनै पनि जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ।

(ट) **"बीमा करार"** भन्नाले प्रस्ताव फाराम, बीमालेख, तालिका, सम्पुष्टी, बीमालेखको संशोधन तालिका तथा बीमाशुल्क भुक्तानी रसिद सहित बीमालेखको रूपमा जारी गरिएको बीमक तथा बीमित वा बीमालेख धारक बीच भएको द्विपक्षीय करार सम्झनु पर्छ।

(ठ) **"बीमाङ्क"** भन्नाले क्षति बापत बीमकले प्रदान गर्ने तालिकामा उल्लेख गरिए अनुसारको कूल बीमा रकम सम्झनु पर्छ।

(ड) **"बीमाशुल्क"** भन्नाले बीमा गरे बापत बीमित वा बीमालेख धारकले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(ढ) **"बीमालेख धारक"** भन्नाले बीमालेख धारण गर्ने संघ संस्था सम्झनु पर्छ।

(ण) **"संघ संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका वा स्थापना भएका खेलकुद संस्था वा संघ सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारका आधिकारिक निकायमा आबद्ध संघ संस्था, क्लब वा खेलकुद सम्बन्धी तालिम तथा इभेन्ट आयोजना गर्ने संस्थालाई समेत सम्झनु पर्छ।

(त) **"मूलभूत विवरण"** भन्नाले बीमा गरिएको बीमितमा रहेको जोखिम तथा त्यस्तो जोखिमको मात्रा विश्लेषण गरी बीमाशुल्क निर्धारण गर्न र बीमा प्रस्ताव स्वीकार गर्ने वा नगर्ने निर्णयमा सघाउ पुर्याउन आवश्यक पर्ने विवरण सम्झनु पर्छ।

(थ) **"रक्षावरण"** भन्नाले क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि बीमकले मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(द) **"राष्ट्रिय खेलकुद परिषद"** भन्नाले राष्ट्रिय खेलकुद विकास ऐन,२०७७ को दफा ३ वमोजिम गठन भएको राष्ट्रिय खेलकुद परिषद सम्झनु पर्छ।

(ध) **"समानुपातिक दर"** भन्नाले एक बर्षको लागि लाग्ने बीमादरको अनुपातमा दफा १४ को उपदफा (३) बमोजिम निश्चित अवधिको लागि तोकिएको बीमादर सम्झनु पर्छ।

(न) **"स्थायी पूर्ण असक्तता"** भन्नाले बीमित कुनै पनि खेल खेल्न नसक्ने वा पेशा वा व्यवसाय गर्न सधैँका लागि असमर्थ भएको अवस्था सम्झनु पर्छ।

(ऩ) **"सम्पुष्टी"** भन्नाले बीमित वा बीमालेख धारकको अनुरोधमा बीमालेखमा उपलब्ध भएको जोखिमको अतिरिक्त जोखिम थप गर्नको लागि बीमकसङ्ग गरिएको पूरक करार सम्झनु पर्छ।

(प) **"हुलदंगा तथा आतंकबाद जोखिम समूह"** भन्नाले हुलदंगा, हडताल, रिसइवीपूर्ण कार्य, आतंकबादी कार्य, प्रतिघात जस्ता कार्यहरू सम्झनु पर्दछ।

(फ) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दाबी बापतको रकम सम्झनु पर्छ।

(ब) **"अस्थायी पूर्ण अशक्तता"** भन्नाले बीमित आय वा मुनाफा आर्जन गर्ने कुनै पनि पेशा वा व्यवसाय गर्न कम्तीमा १८३ दिनको लागि पूर्ण रूपले असमर्थ भएको अवस्था सम्झनु पर्छ।

(भ) **"औषधोपचार खर्च"** भन्नाले बीमित घाइते वा अस्वस्थ भई आवश्यक उपचार, उपचार सामग्री वा उपचार सेवाको लागि बीमालेख बमोजिम भुक्तानी गरिने वास्तविक खर्च रकम सम्झनु पर्छ।

(म) **"छोटो अवधिको बीमालेख"** भन्नाले एक वर्ष भन्दा कम अवधिको लागि जारी भएको बीमालेख सम्झनु पर्छ।

परिच्छेद-२

## रक्षावरण

३. **खेलहरुको बर्गीकरण:** यस बीमालेख अन्तर्गत जोखिम रक्षावरण हुने खेलहरुको बर्गीकरण अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **दुर्घटनाको कारणले भएको मृत्यु:** यस बीमालेख अन्तर्गत दुर्घटनाको प्रत्यक्ष कारणबाट तत्काल मृत्यु भएमा वा दुर्घटना भएको १८३ दिन भित्र बीमितको मृत्यु भएमा क्षतिपूर्ति स्वरूप बीमकले शतप्रतिशत बीमाङ्क प्रदान गर्नेछ ।

५. **पार्थिव शरिर व्यवस्थापन खर्च:** बीमितको मृत्यु भएको खण्डमा बीमितको पार्थिव शरिरको परिवहन तथा व्यवस्थापन गर्न बीमाङ्कको अतिरिक्त थप हुनेगरी बीमाङ्कको दश प्रतिशत वा पच्चीस हजार रूपैंया मध्ये जुन कम हुन्छ सोही बराबरको रकम बीमकले प्रदान गर्नेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि बीमकले कुनै बिल भरपाई माग गर्ने छैन ।

६. **काज किरिया खर्च:** दुर्घटनाबाट बीमितको मृत्यु भएमा बीमकले बीमाङ्कको अतिरिक्त थप हुनेगरी बीमाङ्कको दश प्रतिशत वा पचास हजार रूपैंया मध्ये जुन कम हुन्छ सोही वरावरको रकम बीमकले प्रदान गर्नेछ ।

**स्पष्टिकरण**: यस दफाको प्रयोजनको लागि बीमकले कुनै बील भरपाई माग गर्ने छैन ।

७. **स्थायी पूर्ण असक्तता**: (१) बीमा गरिएको अवधि भित्र दुर्घटनाको कारणले दुर्घटना भएको मितिबाट एक सय त्रीयासी दिन भित्र बीमित स्थायी पूर्ण असशक्त भएमा बीमकले देहाय बमोजिमको क्षतिपूर्ति प्रदान गर्नेछः

| विवरण | |
|---|---|
| (क) ठिक नहुने गरी मेरुदण्ड काम नलाग्ने भएमा<br>(ख) दुवैवटा हात पुरै काम नलाग्ने भएमा<br>(ग) दुवैवटा खुट्टा पूरै काम नलाग्ने भएमा<br>(घ) दुवैवटा आँखा पुनः दृष्टि नफर्कने गरी काम नलाग्ने भएमा<br>(ङ) पुनः श्रवणशक्ति नफर्कने गरी दुवै कान नसुन्ने भएमा<br>(च) पुनः बोली नफर्कने गरी बोल्न नसक्ने भएमा<br>(छ) दुर्घटनाको कारण खेलकर्मी पूर्ण अशक्त भएमा | बीमाङ्कको शत प्रतिशत |
| (ज) कुनै एउटा हात पुरै काम नलाग्ने भएमा | बीमाङ्कको पचास प्रतिशत |

| | |
|---|---|
| (झ) कुनै एउटा खुट्टा पूरै काम नलाग्ने भएमा<br>(ञ) एउटा आँखा पुनः दृष्टि नफर्कने गरी काम नलाग्ने भएमा<br>(ट) पुनः श्रवणशक्ति नफर्कने गरी एउटा कान नसुन्ने भएमा वा पेशागत रुपमा असर परेमा | |
| (ठ) हात वा खुट्टाको कुनै एउटा औंला काम नलाग्ने भएमा | बीमाङ्कको बीस प्रतिशत |
| (ड) खण्ड (क) देखि (ठ) मा उल्लेख भए बाहेक कुनै अंगमा क्षति भएमा | चिकित्सकको सिफारिस वमोजिम बीमाङ्कको दश प्रतिशत |

८. **<u>अस्थायी पूर्ण असक्तताः</u>** बीमा गरिएको अवधि भित्र दुर्घटनाको कारणबाट बीमित अस्थायी पूर्ण असक्त भई आफ्नो पेशा व्यवसाय गर्न पूर्ण रूपमा असक्षम भएमा बीमाङ्कको सीमा भित्र रहने गरी छ महिना सम्म बीमकले प्रति महिना बीमाङ्कको पाँच प्रतिशत वा मासिक बीस हजार रूपैंया मध्ये जुन कम हुन आउँछ सोही वरावरको रकम उपलब्ध गराउनेछ ।

९. **<u>औषधी उपचार खर्च</u>** दुर्घटनाको कारणबाट बीमितलाई औषधी उपचार गर्दा खर्च भएमा बीमकले बीमाङ्कको अतिरिक्त थप हुनेगरी बीमाङ्कको पच्चीस प्रतिशत वा रू. तीन लाख मध्ये जुन रकम कम हुन्छ सो रकम सम्मको बील भरपाई अनुसार शोधभर्ना गर्नेछ ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागी औषधी उपचार गराउने अस्पताललाई नगद रहित प्रणाली मार्फत सिधै भुक्तानी गर्न सकिने रहेछ भने बीमकले सोही अनुसार सिधै भुक्तानी गर्न सक्नेछ ।

## परिच्छेद-३
## अपवाद

१०. **<u>क्षतिपूर्ति प्रदान नगरिने अवस्थाः</u>** यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बीमकले देहायका जोखिमको कारणले भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्ने छैनः

(क) जानी जानी आफैंले गराएको दुर्घटना र चोट,

(ख) आत्महत्या वा आत्महत्याको प्रयासको कारणले भएको दुर्घटना,

(ग) मादक पदार्थ वा लागू औषध वा प्रतिवन्धित औषधिको प्रभावको कारणबाट भएको दुर्घटना,

(घ) प्रचलित कानून बमोजिम अनुमति प्राप्त नगरी उडान गरेको कारणले भएको दुर्घटना,

(ङ) पागलपन वा मानसिक सन्तुलन गुमाएको कारणले भएको दुर्घटना,

(च) बीमितबाट कुनै प्रचलित कानून भंग गरेको परिणामबाट भएको दुर्घटना,

(छ) मानव जीवन रक्षा गर्ने प्रयास गर्दा बाहेक खतरा मोल्दा भएको दुर्घटना ।

११. **युद्ध वा युद्ध सरहको अवस्थाः** सैनिक विद्रोह, घेरावन्दी वा युद्ध, अतिक्रमण, बिदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्) गृह युद्ध, राजद्रोह, क्रान्ति, सत्ता विप्लवको कारणले भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्ने छैन ।

१२. **विकिरणयुक्त पदार्थ तथा आणविक, रसायनिक तथा जैविक हतियारः** (१) विकीरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग् (कन्टामिनेसन) बाट वा रेडियोधर्मिता (स्वतः जारी रहने अणुको बिच्छेदनको ज्वलन समेत) को सक्रियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटनाबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

(२) आणविक, रासयनिक तथा जैविक आम विनासकारी हात-हतियारको प्रयोग वा सोसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटनाबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

## परिच्छेद-४
## शर्तहरू

१३. **प्रस्ताव र स्वीकृतिः** (१) खेलको प्रकृति, उमेर, समयावधि आदिको आधारमा जोखिमाङ्कन गरी बीमकले न्युनतम अनुसुची -२ मा उल्लेखित ढाँचामा प्रस्ताव फाराम तयार गर्नुपर्नेछ ।

(२) बीमालेख जारी गर्नु अघि बीमितले प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ ।

(३) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पर्ने गरी बीमालेख जारी गर्न पाइने छैन ।

१४. **बीमालेखको अवधिः** (१) यस बीमालेख एक बर्ष वा सो भन्दा कम अवधिको हुनेछ । तर बीमकले सात दिन भन्दा कम अवधि राखि बीमालेख जारी गर्नु हुदैन ।

(२) छोटो अवधिको लागि लाग्ने बीमादर देहाय वमोजिम कायम गर्नुपर्नेछ :-

(क) ७ दिनको लागि बार्षिक बीमाशुल्कको दश प्रतिशत

(ख) ८ दिन देखि ३० दिन सम्मको लागि बार्षिक बीमाशुल्कको पच्चीस प्रतिशत

(ख) ३१ दिन देखि ९० दिन सम्मको लागि बार्षिक बीमाशुल्कको चालिस प्रतिशत

(ग) ९१ दिन देखि १८३ दिन सम्मको लागि बार्षिक बीमाशुल्कको साठी प्रतिशत

(घ) १८४ दिन देखि ३६५ दिन सम्मको लागि शत प्रतिशत

(४) उपदफा (३) वमोजिम एक पटक जारी भएको बीमालेखको बीमा अवधि बढाउन पाइने छैन ।

(५) बीमालेखको अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा स्थानीय समयानुसार मध्यरात बाह्र बजे बीमालेख समाप्त हुनेछ ।

१५. **बीमाशुल्क गणना:** खेलकुद बीमालेखको अनुसूची-१ मा उल्लेख भएको दर बमोजिम हुनेगरि बीमाशुल्क गणना गर्नुपर्नेछ।

१६. **बीमाशुल्क भुक्तानी:** (१) बीमकको तर्फबाट सहिछाप भएको रसिद जारी नभएसम्म बीमाशुल्क भुक्तानी भएको मानिने छैन।

(२) बीमितले बीमालेख खरिद गर्नको लागि भौतिक वा विद्युतीय माध्यम प्रयोग गरी बीमाशुल्क भुक्तानी गर्न सक्नेछ। बीमितले विद्युतीय माध्यमबाट बीमाशुल्क भुक्तानी गरेको प्रमाण सहित बीमकलाई तुरुन्तै जानकारी गराउनु पर्नेछ।

१७. **दाबी भुक्तानी नहुने अवस्था:** देहायको कुनै अवस्था उत्पन्न भएमा बीमितले यस बीमालेख अन्तर्गत दाबी वापतको क्षतिपूर्ति पाउने छैनः

(क) दावी जालसाजीपूर्ण भएमा,

(ख) दावीको सिलसिलामा बीमालेख धारक वा बीमित वा निजको तर्फबाट कार्य गर्ने व्यक्तिले झुठ्ठा वयान दिई कुनै अनुचित लाभ उठाउन खोजेमा,

(ग) झुठ्ठा विवरण दिएमा।

१८. **खारेजी:** (१) देहायको अवस्थामा बीमालेख स्वतः खारेज हुनेछः

(क) बीमितले बीमालेख खारेज गर्न अनुरोध गरेमा,

(ख) प्राधिकरणले कारण सहित बीमालेख खारेज गर्न निर्देशन दिएमा,

(२) बीमित वा बीमालेख धारकको लिखित अनुरोधमा बीमालेख खारेज गर्नु परेको अवस्थामा बीमितलाई बहाल रहेको अवधिको लागि छोटो अवधिको लाग्ने बीमादर अनुसारको बीमाशुल्क लिई बाँकी बीमाशुल्क फिर्ता दिनु पर्नेछ। तर, बीमालेख खारेज हुनु अघि दावी परिसकेको रहेछ भने बीमाशुल्क फिर्ता हुने छैन।

(३) बीमक आफैले बीमालेख खारेज गर्नु परेको खण्डमा बीमितलाई पन्ध्र (१५) दिनको पूर्व जानकारी दिनु पर्नेछ र बाँकी बीमा अवधिको लागि समानुपातिक दरमा बीमाशुल्क फिर्ता गर्नु पर्नेछ।

(४) बीमित वा बीमालेख धारकले झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा बीमालेख स्वत: खारेज हुनेछ र बीमाशुल्क फिर्ता हुने छैन।

१९. **दाबी:** (१) बीमकले यस बीमालेख अन्तर्गत दाबी योग्य रकम भन्दा बढी हुने गरी दावी भुक्तानी गर्ने छैन।

(२) यस बीमालेखको अपवादमा उल्लेख गरिए बाहेकको कुनै घटना घटी दुर्घटनाबाट क्षति भएमा बीमित वा बीमालेख धारकले तत्काल देहायका कुराहरू गर्नुपर्नेछः

(क) बीमितलाई तत्काल स्वास्थ्य चौकी वा अस्पताल वा कुनै पनि स्वास्थ्य सँस्थामा लैजाने,

(ख) दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणको प्रयास गर्ने ,

(ग) बीमकलाई खबर गर्ने र दुर्घटनाबाट मृत्यु भएको हकमा प्रहरी कार्यालयमा खबर गर्ने,

(३) यस बीमालेख अन्तर्गत परेको दावी यकिन गर्न आवश्यक प्रमाण जुटाउने दायित्व बीमा प्रस्तावक तथा सम्बन्धित बीमित वा निजको हकवालाको हुनेछ । तर बीमालेखले नसमेट्ने अवस्थाहरु (अपवाद) परी दावी भुक्तानी गर्न अस्वीकार गर्नुपरेमा बीमकले सोको आधार र कारण खुलाई बीमितलाई जानकारी गराउनुपर्नेछ ।

(४) यस बीमालेख अन्तर्गत कुनै दाबी बिचारधीन रहेको अवस्थामा ब्यवहारिक रुपमा आवश्यकता अनुसार बीमकले चाहेको बखत आफ्नै खर्चमा बीमितको जाँच गराउन सक्नेछ ।

(५) यस बीमालेख अन्तर्गत दावी योग्य कुनै दुर्घटना भएमा त्यस्तो दुर्घटना घटेको पैंतीस (३५) दिनभित्र बीमकलाई जानकारी गराउनु पर्नेछ र सोही अवधि वा बीमकले दिएको थप अवधिभित्र बीमित वा बीमालेख धारकले बीमकलाई देहायका कागजात उपलब्ध गराउनु पर्नेछः

<table>
<tr><td>(क)</td><td>बीमालेखको अवधिमा दुर्घटना भई बीमितको मृत्यु भएमा</td><td>(अ) मृत्युको कारण स्पष्ट खुल्ने सरकारी कागजात<br>(आ) शव परीक्षण (पोष्टमार्टम) प्रतिवेदनको प्रमाणित प्रतिलिपि<br>(इ) अस्पताल भर्ना भएको भए अस्पताल भर्ना भएको र डिस्चार्ज भएको प्रमाण</td><td rowspan="3">(अ) प्रहरी कार्यालयमा खवर गरेको भएमा प्रहरी प्रतिवेदनको प्रमाणित प्रतिलिपि<br>(आ) दावीको सत्यता पुष्टी गर्ने कागजात, दावीको सम्बन्धमा बीमकलाई आवश्यक पर्ने बयान जस्ता प्रमाण, मुचुल्का, सनाखत लगायत दाबी उत्पन्न हुने घटनाबारे बीमकलाई आवश्यक पर्ने सम्पूर्ण विवरण तथा जानकारी</td></tr>
<tr><td>(ख)</td><td>बीमालेखको अवधिमा भएको दुर्घटनाको कारण बीमित असक्त भएमा</td><td>(अ) अस्पताल भर्ना भएको, औषधी उपचार गरेको, जाँच गराएको प्रमाण, मेडिकल रिपोर्ट र डिस्चार्ज भएको प्रमाण<br>(आ) खेलकर्मी कुनै कारणवश घाईते, चोटपटक, अंगभङ्ग वा दर्घटनाका कारण दिर्घकालिन रुपमा असक्त भएको चिकित्सकबाट प्रमाणित कागजात ।</td></tr>
<tr><td>(ग)</td><td>बीमालेखको अवधिमा भएको दुर्घटनाको कारण बीमित</td><td>(अ) औषधी उपचार गरेको, जाँच गराएको प्रमाण, मेडिकल रिपोर्ट</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | घाइते भएमा | | |

२०. **बीमकको दायित्व :** (१) बीमकले बीमितको क्षति भएको जानकारी प्राप्त गरेमा बीमितको दावी प्रक्रियामा बीमित वा बीमितको सम्बन्धित व्यक्तिलाई सहयोग गर्नुपर्नेछ ।

(२) बीमित वा बीमालेख धारकबाट पूरा कागजात प्राप्त भएको बढीमा पैंतीस दिन भित्र बीमकले बीमा दाबी भुक्तानी गर्नेछ ।

(३) बीमकले पूरा बीमाशुल्क प्राप्त गरेपछि मात्र बीमालेख जारी गर्नु गर्नेछ ।

(४) बीमकले आफु समक्ष परेको बीमा दावीको तत्काल छानविन गरी दावी भुक्तानी गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) बीमकले बीमा दाबी सम्बन्धमा बीमितलाई आवश्यक सहयोग गर्नु पर्नेछ ।

(६) बीमकले बीमालेखको एक प्रति बीमित वा बीमालेख धारकलाई दिनुपर्नेछ ।

(७) बीमित वा बीमालेख धारकले बीमालेख प्राप्त गरेको प्रमाण बीमकले आफ्नो बीमालेखको प्रतिसंगै सुरक्षित राख्नुपर्नेछ ।

२१. **बीमितको दायित्व :** बीमित, बीमितको प्रतिनिधि तथा बीमालेख धारकले बीमकलाई बीमा दाबी सम्बन्धमा सहयोग गर्नुपर्नेछ ।

२२. **दाबी गर्न नपाउने**: (१) यस बीमालेख अन्तर्गत औषधी उपचार खर्च दुई हजार पाँच सय रूपैंया सम्मको रकम दाबी गर्न पाइने छैन । तर बीमायोग्य दावी रकम दुई हजार पाँचसय रूपैया भन्दा बढी भएमा बीमकले पूर्ण दावीयोग्य रकम उपलब्ध गराउनु पर्नेछ ।

(२) एक भन्दा बढी बीमकमा खेलकुद बीमा गरिएको भए सोको विवरण उपलब्ध गराउनु पर्नेछ ।

(३) बीमितको एक भन्दा बढी बीमकबाट खेलकुद बीमा गरिएको रहेछ भने देहाय बमोजिमको सुविधा एक भन्दा बढी बीमकबाट दाबी गर्न पाइने छैनः

(क) पार्थिव शरीर व्यवस्थापन खर्च

(ख) काज किरिया खर्च

(ग) औषधी उपचार खर्च

२३. **शर्त पालना गर्नुपर्ने**: बीमक तथा बीमित वा बीमालेख धारकले यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू पालना गर्नु पर्नेछ ।

२४. **सम्पुष्टि जारी गर्न सकिने:** खेल रद्ध भएमा, बीमालेख खारेज गर्नु परेमा वा जोखिम रक्षावरण गर्ने समय

परिवर्तन गर्नु परेमा यथेष्ठ प्रमाण सहित बीमकले सम्पुष्टि जारी गर्न सक्नेछ ।

अनुसूची–१

**खेलहरुको वर्गीकरण**

(दफा ३ सङ्ग सम्बन्धित)

| जोखिम संकेत | दर संकेत | खेलको जोखिमको प्रकृति | खेलको विवरण | बीमाशूल्क दर प्रतिहजार (रू.) |
|---|---|---|---|---|
| १. | १ | न्युन जोखिम | टेवल टेनिस | दुई रूपैया |
| २. | | | सफ्ट टेनिस | |
| ३. | | | टेनिस | |
| ४. | | | शुटिङ्ग | |
| ५. | | | गल्फ | |
| ६. | | | बडीविल्डिङ एण्ड फिटनेश | |
| ७. | | | स्क्वाक्स राकेट् | |
| ८. | | | बुद्धिचाल | |
| ९. | | | विलियर्ड, स्नूकर तथा पुल | |
| १०. | | | बलिङ्ग | |
| ११. | | | टग् अफ वार | |
| १२. | | | रोप स्किपीङ्ग | |
| १३. | | | आर्चरी | |
| १४. | | | योग खेलकुद | |
| १५. | २ | सामान्य जोखिम | व्याडमिन्टन | दुई रूपैया पचास पैसा |
| १६. | | | क्रिकेट | |
| १७. | | | हक्की | |
| १८. | | | भलिबल | |
| १९. | | | एथलेटिक्स | |
| २०. | | | फेन्सिङ्ग | |
| २१. | | | जुडो | |

| | | | | |
|---|---|---|---|---|
| २२. | | | जिम्न्यास्टिक | |
| २३. | | | ह्यान्डबल | |
| २४. | | | बास्केटबल | |
| २५. | | | पौडी | |
| २६. | | | सेपाक ताक्रो | |
| २७. | | | भारात्तोलोन | |
| २८. | | | ट्र्याथलन | |
| २९. | | | कबड्डी | |
| ३०. | | | खो खो | |
| ३१. | | | रिङ्ग रेष्ट्लिङ्ग | |
| ३२. | | | कराते | |
| ३३. | | | तेक्वान्दो | |
| ३४. | | | उसु | |
| ३५. | | | बक्सिङ्ग | |
| ३६. | | | फुल कन्ट्याक कराते | |
| ३७. | | | कुश्ती | |
| ३८. | | | साईक्लिङ | |
| ३९. | | | इक्विसट्रियन | |
| ४०. | | | मोटर तथा मोटरसाईक्लिङ स्पोर्टस | |
| ४१. | | | राफिटक्यानोइ | |
| ४२. | | | प्याराग्लाइडिङ्ग ह्याङ्गग्लाइडिङ्ग | |
| ४३. | | | क्लाईविङ्ग | |
| ४४. | ३ | | पेन्टाथोलन | |
| ४५. | | जोखिमयुक्त | बञ्जी जम्पिङ्ग एण्ड क्यान्योनिङ | |
| ४६. | | | मुवाँथाई | |
| ४७. | | | माउण्टेन रनिङ्ग | तीन रूपैया |
| ४८. | | | आईस हक्की एण्ड अल्पाइन स्पोर्टस | |
| ४९. | | | वाटर स्पोर्टस | |
| ५०. | | | रग्वी | |
| ५१. | | | फुटबल | |

अनुसूची–२

**बीमालेख प्रस्ताव फाराम**

(दफा १३ संग सम्बन्धित)

## १. बस्तुगत तथ्य तथा मूलभूत विवरणः

### (क) प्रस्तावकको विवरणः

व्यक्ति/ संस्थाको नाम: ........................................................................................

प्रदेशः ................................ जिल्लाः..................... गाँउ पालिका/नगर पालिकाः...........................

वडा नं................................. टोलः.................................. घर नं. ...........................................

फोन नं. ............................... इमेलः .................................

संस्था दर्ता नं. (संस्था भए) .................................................. स्थायी लेखा नं.................................

### (ख) बीमितको विवरणः

| क्र.सं. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | उमेर | पेशा | खेलकुदको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

### (ग) बीमाको अवधिः

मितिः ...............समयः ........ देखि............................ सम्म (कूल................. महिना................. दिन)

## २. बस्तुगत तथ्य सम्बन्धी प्रश्नहरूः

(क) तपाईंले खेलकुद बीमा गर्नका लागि यस अघि अन्य बीमा कम्पनीले अस्वीकार गरेको थियो? थियो भने बीमकको नाम उल्लेख गर्नुहोस्।

(ख) तपाईंले खेलकुद सहभागी हुदा वा दुर्घटनाबाट क्षति भई कुनै बीमा कम्पनीबाट क्षतिपूर्ति लिनुभएको थियो? थियो भने विगत तीन बर्षको विवरण दिनुहोस।

| क्र.सं. | बीमक | घटनाको बिवरण | बीमाङ्क | मिति | दाबी लिएको रकम |
|---|---|---|---|---|---|
| (ग) य | | | | | |
| स | | | | | |

प्रस्ताव फाराममा माथि उल्लेख गरिएका बाहेक छुट हुन गएका केहि विवरणहरू छन् भने उल्लेख गर्नुहोस् ।

… … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

… … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

… … … … … … … … … … … … … …

## ३. उद्घोषणः

म/ हामी........................यस प्रस्तावद्वारा घोषणा गर्दछौं की यस प्रस्ताव फाराममा उल्लेख गरिएका तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू मैले/ हामीले राम्ररी पढेर बुझेर दिएका हो/हौं । यसमा उल्लेख गरिएका सवै विवरणहरू सहि, साँचो र दुरूस्त छन । कुनै तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू लुकाए छिपाएको छैन । कुनै तथ्य, विवरण, सूचना, जानकारी तथा उत्तरहरू लुकाए छिपाएको पाइएमा बीमालेख रद्द हुनेछ भन्ने कुरामा म/ हामी स्वीकार गर्दछु/ गर्दछौं । यस प्रस्ताव फाराममा उल्लेख गरिएका तथ्य, विवरण, सू

**प्रस्तावकको**

हस्ताक्षरः .......................................

नाम थरः .......................................

मितिः .........................................

छाप (संस्था भएमा): .........................

मितिः.........................................

**प्रस्ताव स्वीकृति गर्ने कर्मचारी**

हस्ताक्षरः.....................................

नाम थरः.....................................

अभिकर्ता कोड नं./कर्मचारी परिचयपत्र नं:..............

सम्पर्क नः....................................

मितिः ..........................................

कारी तथा उत्तरहरूको साथै यो घोषणा द्विपक्षीय बीमा करार (बीमालेख) को आधार हुनेछ ।

***(बीमकले आवश्यक ठानेमा यस अनुसूचीमा उल्लेख गरिएको प्रस्ताव फारामको अतिरिक्त बीमित वा बीमालेख धारकसंग वा बीमलेख धारकसंग अन्य विवरण, प्रश्नावली, सूचना तथा जानकारी भराई लिन सक्नेछ र त्यसरी लिएको विवरण, प्रश्नावली, सूचना तथा जानकारी यसै प्रस्ताव फारामसंग संलग्न गरी राख्नु पर्नेछ ।)***